**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# प्रेस वक्तव्य

## नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदन *अप्रिल आन्दोलन : प्रजातान्त्रिक अधिकार तथा अत्यधिक बलको प्रयोग* जारी गरिएको अवसरमा

---

**डेभिड जोन्सन**
**अफिसर इन्चार्ज, उच्चायुक्तको कार्यालय-नेपाल**

**५ असोज २०६३**

नमस्ते । हाम्रो कार्यालयमा स्वागत छ । मेरो नाम डेभिड जोन्सन हो । म नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको अफिसर इन्चार्ज हुँ । म हाम्रो कार्यालयको प्रतिवेदन *अप्रिल आन्दोलन : प्रजातान्त्रिक अधिकार तथा अत्यधिक बलको प्रयोग* आज तपाईहरूसमक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी छु । यो प्रतिवेदनले सन् २००६ अप्रिल (चैत २०६२ - वैशाख २०६३) मा भएका घटनाहरूलाई समेटेको छ । यसले प्रदर्शनहरूको प्रकृति, सरकार र सुरक्षाफौजको जवाफ तथा घटेका मानवअधिकार उल्लङ्घनका प्रकारहरू, एवं यी उल्लङ्घनका लागि जवाफदेहीताको प्रश्नबारे वर्णन गरेको छ । यसमा १५ वटा घटनाबारे विस्तृत अध्ययन गरिएको छ जस्ले प्रदर्शनहरूको सन्दर्भमा भएका मृत्युबारे ध्यान केन्द्रित गरेको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना (त्यतिबेला शाही नेपाली सेना भनी चिनिएको) को व्यवहार आवश्यक र समानुपातिक थियो कि थिएन भनी मूल्यांकन गर्न उच्चायुक्तको कार्यालय-नेपालले अनेक अवरोधहरुका बावजुद पनि १९ दिनका आन्दोलनभरि नै सुरक्षा फौज र प्रदर्शनकारीहरुको व्यवहारको अनुगमन गऱ्यो । उच्चायुक्तको कार्यालय-नेपालले १९ दिनका क्रममा केहि घटनाहरुमा बलको प्रयोग सम्बन्धमा विस्तृत अनुसन्धान पनि गऱ्यो ।

अप्रिल (चैत-वैशाख) भन्दा केहि दिन अघिका वक्तव्यहरूबाट प्रष्ट भएको थियो कि त्यस बेलाको सरकार सात दल गठबन्धनको नियोजित हड्ताल र विरोध कार्यक्रमहरूलाई अगाडि बढ्नबाट रोक्न दृढ थियो । गृह मन्त्रालयद्वारा प्रमुख जिल्ला अधिकारीहरूमार्फत् सबै प्रदर्शनमाथि लगाइएको प्रतिबन्ध तथा कठोर कर्फ्यु (विशेषतः काठमाडौंमा) र त्यसपछि सुरक्षाफौजले गरेका कारबाहीहरूले यो दृढतालाई देखाउँदछ । उच्चायुक्तको कार्यालय-नेपालले असीमित प्रतिबन्ध र कर्फ्युहरू अन्तर्राष्ट्रिय सिद्धान्तहरूको उल्लङ्घन भएको भनी त्यस बेलाका अधिकारीहरुलाई जानकारी दियो । प्रदर्शनकारीहरूले प्रतिबन्धलाई तोड्ने तथा भेला हुने स्वतन्त्रताको अधिकारको अभ्यास गर्न खोजेकाले त्यसले तनावलाई बढाएर लाने काम गऱ्यो । ३ अप्रिलमा उच्चायुक्तका प्रतिनिधीले शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने अधिकारको रक्षा गर्न, सुरक्षा फौजले हिंसा रोक्नका लागि मात्र कारवाही गरेका छन् र उनीहरुले कानून र व्यवस्था कायम गर्नका लागि मात्र न्यूनतम आवश्यक बलको प्रयोग गर्दछन् भनी सुनिश्चित गर्न सरकारलाई सार्वजनिक आव्हान

गर्नुभएको थियो । उच्चायुक्तको कार्यालय-नेपालले कर्मचारीहरुले सबै पात्रहरुसँग सम्पर्क राखे र हिंसा रोक्न वा न्यूनीकरण गर्ने प्रयासस्वरुप सम्वाद बढाउन खोजे ।

सात दल गठबन्धन र नागरिक समाजद्वारा नेकपा-माओवादीको समर्थनमा आयोजित चैत २३ देखि सुरु भएको १९ दिने आन्दोलनले सयौ हजार विरोधकारीलाई देशभर सडकमा उतार्‍यो । कहिलेकाहीँ हिंसात्मक घटनाहरू भए पनि विरोध कार्यक्रमहरू अत्यन्त शान्तिपूर्ण थिए । उच्चायुक्तको कार्यालय-नेपालले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको तर्फबाट, उत्तेजनाको अवस्थामा समेत, व्यवसायिक किसिमले व्यवस्थापन गरेको र संयमता अपनाएका उदाहरणहरूको अवलोकन गर्‍यो । तर, यसले सुरक्षाफौजद्वारा व्यापक मात्रामा बलको अत्यधिक प्रयोग पनि कहिलेकाहीँ देख्यो र अभिलिखित गर्‍यो । यसले सुरक्षाफौजका तीनै अङ्ग - नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शाही नेपाली सेना जसलाई त्यतिखेर यही नामले चिनिन्थ्यो - ले प्रदर्शनकारी तथा अन्य सर्वसाधारणहरूविरुद्ध कहिलेकाहीँ अत्यधिक बलको प्रयोग गरी प्रदर्शनकारीहरुको मृत्यु र घाईते भएकोमा जिम्मेवार रहेको पायो ।

अप्रिल आन्दोलनको क्रममा, उच्चायुक्तको कार्यालय-नेपालको कर्मचारीहरु शान्तिपूर्ण सभाहरूमा लगायत भिडमा प्रायः टाउकामा ताकेर हानेको तथा गम्भीर घाइते बनाउने गरी लाठीचार्ज गरेको आफै देखे । उनीहरूले प्रहरीले भिडमा सीधा अश्रुग्याँस हानेको र रबरका गोलीहरूको लापरबाहीपूर्ण प्रयोग गरेको पनि देखे र जीवित गोलीको अनुपयुक्त प्रयोग अभिलिखित गरे - यी सबैमा बलको अनुचित र अत्यधिक प्रयोग भयो । बालबालिका र वयस्क, एवं घाइतेको उपचार गर्न खोज्ने स्वास्थ्यकर्मीहरू लक्षित गरिएकाहरूमध्ये थिए ।

उच्चस्तरीय जाँचबुझ आयोग (रायमाझी आयोग भनेर चिनिने) - जसको कार्यादेशमा अप्रिल प्रदर्शनहरूका सम्बन्धित घटनाहरूका अनुसन्धान गर्नु पर्दछन् - को मई (वैशाख-जेठ) मा भएको स्थापनाका लागि नयाँ सरकारको प्रशंसा गरिनुपर्दछ । उच्चायुक्तको कार्यालय-नेपालले यो प्रतिवेदन आयोगसमक्ष पेस गरेको छ । अत्यन्त महत्वपूर्ण कदमहरूमध्ये एउटा अत्यधिक बलको प्रयोग गर्न वा आदेश दिनमा दोषी पाइएका सुरक्षाफौजका सदस्यहरूलाई जवाफदेही बनाइनुपर्छ भन्ने कुरा सुनिश्चित गर्नु हुनेछ । यस अर्थमा उच्चस्तरीय जाँचबुझ आयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्नेछ । तर, यो अभियोजन गर्ने वा न्यायिक निकाय होइन । आन्तरिक कारबाही र फौजदारी अभियोजन, विशेषतः हत्या वा गम्भीर घाइते भएका घटनाहरूमा, बलको दुरुपयोग र अत्यधिक प्रयोग तथा मानवअधिकार उल्लङ्घनहरूलाई सहन गरिने छैन भन्ने सशक्त सन्देश प्रबाह गर्नका लागि महत्वपूर्ण हुनेछन् ।

उच्चायुक्तको कार्यालय-नेपालको प्रतिवेदनले सरकारले भेला हुन पाउने अधिकारमाथि पूर्ण प्रतिबन्ध हुनुहुँदैन भन्ने सुनिश्चित गर्ने; सार्वजनिक सुरक्षा ऐनलाई संशोधन गर्नुपर्ने, आदेशसम्बन्धी कुराहरु सम्बोधन गर्नुपर्ने, जवाफदेहिता, क्षतिपूर्ति, खरखजाना उपर नियन्त्रण, प्रदर्शनको दौरानमा औषधोपचारमा पहुँच, सुरक्षा फौजलाई सार्वजनिक प्रदर्शनको व्यवस्थापनसम्बन्धी, बालबालिकाहरुको सुरक्षा लगायत विभिन्न सिफारिसहरू गरेको छ । सिफारिशहरुमा प्रदर्शनकारीहरुको कर्तव्य र जिम्मेवारीपनि सम्बोधन गरिएको छ ।

राज्य अधिकारीहरू तथा सुरक्षाफौजले मानवअधिकारको पूर्ण सम्मानसहित प्रदर्शनहरूको उचित व्यवस्थापन सुनिश्चित गर्न आफ्ना दायित्वहरू पुरा गर्नुपर्दछ । यी प्रदर्शनहरुको जवाफमा सुरक्षाफौजले देखाएका व्यवहारहरुको मूल्यांकन गर्न उच्चायुक्तको कार्यालय-नेपालले देशका विभिन्न भागमा भएका विरोधहरुको अनुगमन ग-यो । धेरै धेरै समूहहरुले आफ्नो शान्तिपूर्वक भेला हुने अधिकारहरुको अभ्यास गरिरहेको समयमा, अप्रिल महिनामा पाईएको शिक्षा नै खासगरी थप दुरुपयोग हुनबाट रोक्न महत्वपूर्ण छन् । उच्चायुक्तको कार्यालय-नेपालले हालै काठमाडौंमा प्रदर्शनकारीहरूलाई प्रहरीले टाउकामा पिटेको र घाइते बनाएका विभिन्न उदाहरणहरू अभिलिखित गरेको तथ्यले सुधारात्मक उपायहरू अझै लिनु आवश्यक छ भन्ने देखाउँछ । सुरक्षाफौजलगायतका अधिकारीहरूले भविष्यमा प्रदर्शनका क्रममा जीवनको थप क्षति वा घाइते हुनबाट रोक्नका लागि लिइने उपायहरूको पहिलो कदमको रूपमा अप्रिल आन्दोलनको क्रममा गम्भीर र बारम्बार बलको अत्यधिक प्रयोग भएको कुरा स्वीकार्नु आवश्यक छ ।

साथसाथै, प्रदर्शनका आयोजकहरू र प्रदर्शनकारीहरूले पनि आफ्नो तर्फबाट प्रदर्शनहरू शान्तिपूर्ण हुनुपर्छ भन्ने सुनिश्चित गर्नुपर्दछ । उनीहरूले सहभागीहरू अरूका अधिकार र सम्पत्तीको सम्मान गर्ने र हिंसा हुन नदिने आफ्ना

दायित्वहरूबारे सचेत छन् भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ । उच्चायुक्तको कार्यालय-नेपाल ऱ्याली र प्रदर्शनहरूमा, प्राय: अभिभावकको सहमतिबिना, बालबालिकालाई हालै लगिएको बारे विशेषत: चिन्तित भएको छ । प्रदर्शन र ऱ्यालीहरूमा भाग लिनका लागि बालबालिकालाई पैसा दिएर वा खानाको लोभ देखाएर ल्याइनुहुँदैन् र उनीहरूले आफ्नै स्वेच्छाले मात्र भाग लिनु पर्दछ ।

अन्त्यमा, म नेपाली मानवअधिकार रक्षकहरू तथा सञ्चारकर्मीहरूले अप्रिल महिनाको अवधिभर मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि गरेको महत्वपूर्ण योगदानको कदर गर्न चाहन्छु । म मृतकका परिवारप्रति उच्चायुक्तको कार्यालय-नेपालको समवेदना प्रकट गर्न र बलको अत्यधिक प्रयोगको सिकार भएकाहरूको न्याय र क्षतिपूर्तिको अधिकारका लागि निरन्तर पैरवी गरिरहने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु ।

अप्रिल आन्दोलनको परिणामस्वरूप भएको प्रजातान्त्रिक अधिकारहहरूको पुर्नस्थापनाले द्वन्द्व र देशभरि नेपालीले खेप्नुपरेको मानवअधिकार उल्लङ्घनको अन्त्यको आशा जगाएको छ । अभिव्यक्ति, सङ्घसंस्था खोल्ने र भेला हुने स्वतन्त्रताका अधिकारहरूको सम्मान शान्ति प्रक्रियाको प्रमुख पक्ष हुनुपर्दछ । आगामी महिनाहरूमा, शान्ति प्रक्रिया र राजनीतिक सङ्क्रमणको अगाडि बढदै जाँदा धेरै पटक नेपालीहरूले शान्तिपूर्ण तरिकाले प्रदर्शन गर्नेलगायत प्रजातान्त्रिक अधिकारहरूको अभ्यास गर्न खोज्नेछन् । साथै, सुरक्षाफौज ले फेरि कठिन भिड नियन्त्रण स्थितिहरूको चुनौतीको सामना गर्नुपर्ने हुनसक्छ । उनीहरूलाई शान्तिपूर्ण तरिकाले भेला हुने अधिकारलगायत नागरिकका अधिकारहरूको संरक्षण गर्ने र यसलाई उँचो राख्नका लागि उनीहरूलाई सक्षम बनाउन आवश्यक पूर्वाधार, उपकरण र तालिम एवं राजनीतिक समर्थन दिनु आवश्यक छ । उनीहरूलाई बलको दुरुपयोग र अत्यधिक प्रयोग सहन गरिने छैन भनी प्रष्ट निर्देशनहरू दिइनुपर्दछ ।

म अब तपाईहरुका प्रश्नहरुलाई स्वागत गर्न चाहन्छु, धन्यवाद ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org**